निर्णय नं. १

२०८१/०४/३२ को नगरकार्यपालिकाको बैठकबाट भएका निर्णयका सम्बन्धमा समिक्षात्मक छलफल गर्दा निम्नानुसार पाइयो ।

१. सङ्घीय समपुरक अनुदान र नगरपालिकाको समपुर रकमबाट निम्नानुसारका वडा कार्यालय भवन निर्माणका लागि विद्युतीय वोलपत्र प्रकाशन भएको
   क. वडा कार्यालय भवन निर्माण वडा नं. ३
   ख. वडा कार्यालय भवन निर्माण वडा नं. ७
   ग. वडा कार्यालय भवन निर्माण वडा नं. १०
२. स्तरवृद्धि भएका कर्मचारीलाइ २०८१ श्रावण १ गते देखि लागु हुने गरी नियुक्ति पत्र दिइएको
३. स्वीकृत नगर दररेट अनुसार लागत अनुमान तयार भइरहेको ।
४. अनिवार्य अवकास भएका शुकमाया सार्की र भविमाया पोखेललाई २ महिना पारिश्रमिक वरावरको रकम उपलब्ध गराएको ।
५. भू-उपयोग वर्गीकरणको निर्णय मालपोत कार्यालय, नापी कार्यालयमा पठाएको ।
६. उच्च प्रभावयुक्त सामुदायिक विकास परियोजनाका लागि भारतीय दुतावासमा प्रस्ताव पेश गरिएको छ ।

निर्णय नं. २

धनकुटा नगरपालिको कामलाइ व्यवस्थित बनाउन तथा सेवा प्रवाहलाइ चुस्त दुरुस्त बनाइ सुशासन प्रवर्धनमा सहयोग पुर्‍याउन निम्नानुसारको ऐन/रणनीतिको मस्यौदा तयार गरी विधेयक मस्यौदा कार्यदललाइ सैद्धान्तिक सहमती दिन निर्णय गरियो ।

१. लैङ्गिक समानता तथा सामाजिक समावेशी मूल प्रवाहिरण रणनीति २०८१
२. धनकुटा नगरपालिकाको विज्ञापन ऐन, २०८१
३. उद्यम तथा व्यवसाय प्रवर्धनका लागि कर्जा लगानी र जोखिम व्यवस्थापन सम्वन्धी कार्यवीधि २०८१
४. धनकुटा नगरपालिका प्रज्ञाप्रतिष्ठान ऐन २०८१